आज मिति २०८१ साल बैशाख महिनाको २८ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष **श्री तम बहादुर पौडेल** ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको **५५औं** बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो।

**उपस्थिति**

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तम बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ बहादुर बुढाथोकी | का.बा. अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित तथा सहयोगी कर्मचारीहरु** | | | |
| १९ | श्री गणेश कु. लामिछाने | | |
| २० | श्री राज तिलक थापा | सं.के.-अधिकृत | |

# मिति २०८२ साल बैशाख २२ गतेको कार्यापालिकाको बैठकको निर्णय

निर्णय नं १. मिति २०८१ साल फागुन र चैत्र महिनामा भएका कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो र भए गरेका कार्य सम्पादनहरु सन्तोषजनक भएको पाइयो |

निर्णय नं २.यस गाउपालिकाको वडा नं ८ को वडा स्तरीय निर्णय अनुसार वडाको स्वीकृत बजेटबाट वडामा रहेको सभा हलको लागि बिनियोजन भएको ५ लाख र रेडक्रस भवन निर्माणको लागि बिनियोजन भएको रु १ लाख बजेटबाट सोहि वडाको योगा हलको गेट निर्माण र फिल्डमा माटो पतान , ग्राभेल , वृक्षारोपण र खाडल खन्ने काममा लागत अनुमान अनुसारको काम गर्न अनुमति दिने निर्णय गरियो

निर्णय न.३ गाउपालिका रास्ट्रिय महासंघको सदस्यता शुल्कबापतको रु ३० हजार रकम उपलब्ध गराउने निर्णय गरियो|

निर्णय न ४. संघीय सरकार , प्रदेश सरकार बाट बजेटको सिमा प्राप्त भइ नसेकोको अवस्थामा गाउपालिकको बजेट तर्जुमा तथा सिमा निर्धारण समितिको बैठकबाट बिषयगत शाखा तथा वडा कार्यालयहरुको लागि गत आवको अनुपातमा बजेट सिमा निर्धारणको सन्धर्भमा छलफल गरियो , संघीय सरकार , प्रदेश सरकार बाट बजेटको सिमा प्राप्त भए पछि पुन: छलफल गर्ने गरि उक्त निर्णय अनुमोदन गरियो |

निर्णय नं ५. गत आवमा कृषि अनुदानमा वितरण भएको धानको बिउको ढुवानी रु ८८ हजार र अनुदानमा वितरण भएको मोटर ढुवानीको रु ३० हजार सम्झौता अनुसारको रकम सम्बन्धित दोस्रो पक्षलाई कार्यालयको मिल्दो बजेट शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो |

निर्णय नं ६. जिल्ला सरकारी वकिल कार्यालयबाकेको अनुरोध अनुसार सो कार्यालयको लागि माग भएका एसी , इन्भोटर र ब्याट्री मध्ये हाल कार्यालयको लागि आबश्यक पर्ने इन्भोटर र ब्याट्री,तार खरिद गरिहस्तान्तरण गर्ने वा कार्यालयले खरिद गरि बिल भर्पाइ पेश गरेमा भुक्तानीको गरि दिने र जिल्ला प्रशासन कार्यलय बाकेको लागि रेफ्रीजेटर (फ्रिज ) खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो |

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

दान बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner